# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल

प.सं.०७५।०७६
च.नं.

मिति : २०७५/१२/११

सूचना!!!

नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्वान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि आन्तरीक रोजगारीका अवसर सिर्जना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । कार्यक्रम सम्बन्धी विवरण र निवेदन भर्न आवश्यक जानकारीहरु यससंगै उपलब्ध छ ।

वडा कार्यालयहरुका लागिः

- सम्बन्धित वडामा स्थायी बसोबास गर्ने १८-५९ उमेर समूहको बेरोजगार नेपाली नागरिकले दिएको बेरोजगार व्यक्तिको दर्ता निवेदन सम्बन्धित वडाले बुझ्ने ।
- वडा कार्यालयहरुमा दर्ता निवेदन चैत्र मसान्तभित्र लिइसक्नुपर्ने ।
- वडा कार्यालयहरुले प्राप्त फारमहरु संकलन गरी बैसाखको पहिलो साताामा रोजगार सेवा केन्द्रमाबुझाउनुपर्ने ।
- बेरोजगार दर्ताका लागि दिने निवेदनको ९ नं मा रहेको परिवारको सदस्य र रोजगारीको अवस्था सम्बन्धित विवरण भर्न कोठाहरु अपुग भएमा अतिरिक्त A4 पेपर थपी सो संग सम्बन्धित विवरण भर्न सकिने । (९ नं. बुँदाको लागि मात्र)
- नागरिकताको प्रमाणपत्र प्रतिलिपी एक प्रति, शैक्षिक योग्यता छ भने सो योग्यताको प्रमाणपत्र प्रतिलिपी एक एक प्रति, कुनै सीप सम्बन्धि तालिम प्राप्त छ भने सो को प्रमाणपत्र प्रतिलिपी एक एक प्रति समेत संलग्न गराइ निवेदनसंगै लिने ।

*(अन्य जानकारीको लागि तिलोत्तमा नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्नुहुन अनुरोध छ ।)*

रोजगार सेवा केन्द्र
सम्पर्क नं.: ९८४७११५३९६
तिलोत्तमा नगरपालिकामा, रुपन्देही
५ नं. प्रदेश

देवेन्द्र ज्ञवाली
रोजगार संयोजक

## बेरोजगार व्यक्ति भन्नाले

एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आयआर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८ वर्षदेखि ५९ वर्ष उमेर समूहको नागरिक।

## बेरोजगार व्यक्तिले पाउने सेवा

- एक आर्थिक वर्षमा न्यूनतम १०० दिन बराबरको रोजगारी
- रोजगार सूचना, परामर्श र सहजिकरण
- व्यावसायिक तथा सीपविकास तालिम

## बेरोजगार परिवारले पाउने सुविधा

- न्यूनतम १०० दिनको रोजगारी प्राप्त नगरेको अवस्थामा रोजगारी नपाएको दिनको न्यूनतम पारिश्रमिकको पचास प्रतिशतका दरले हुनआउने रकमनिर्वाह भत्ताको रुपमा उपलब्ध गराईने।
- निर्वाह भत्ता गाउँकार्यपालिका वा नगरकार्यपालिकाको निर्णयमा कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फत परिवारका बेरोजगार सदस्यहरुको मञ्जुरिनामा सहितसिफारिश भई आएको सदस्यको बैङ्क खातामा सोझै दिइने।

## निर्वाह भत्ता पाउने व्यवस्था

- परिवारको कुनै पनि सदस्यले न्यूनतम रोजगारी नपाएमा,
- नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएको परिवार भएमा,
- परिवारको कुनै सदस्य स्वरोजगार नभएमा,
- परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारीमा नभएमा,
- सरकारी कोष (संघ, प्रदेश वा स्थानीय तहको कोष) वा अन्य मुलुक वा अन्तर्राष्ट्रिय वा अन्तरसरकारी संघ संगठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तभरण वा अवकाश सुविधा लिइरहेको नभएमा वा सामाजिक सुरक्षाकोष वा नेपाल सरकारको सहायताप्राप्त गरेको नभएमा।

## बेरोजगार व्यत्तिहरुले भर्ने निवेदन फारममा उल्लेख गर्नुपर्ने पारिवारिक विवरणमा उल्लेखित समुदाय, जनजाती, वर्ग सम्बन्धि जानकारी

## अल्पसंख्यक समूदाय भन्नाले

शेर्पा, सोनार, घर्ती-भुजेल, कलवार, कुमाल, हजार्म-ठाकुर, कानु, राजवंशी, सुनुवार, सुढी, लोहार, तत्मा-तत्वा, खत्वे, धोबी, माझी, नुनिया, कम्हार, दनुवार, चेपाङ-प्रजा, हलुवाई, राजपुत, कायस्थ, बढई, मारवाडी, सतार-सन्थाल, झाँगड-धागर, बाँतर-सरदार, बरई, कहर, गनगाई, लोध, राजभर, थामी, धिमाल, भोटे, बिन, गडेरी-भेडियार, नुराङ, याक्खा, दराई, ताजपुरिया, थकाली, चिडिमार, पहरी, माली, बंगाली, छन्त्याल, डोम, कमर, बोटे, ब्रह्मू-बरामो, गाइने, जिरेल, दुरा, बादी, मेचे, लेप्चा, हलखोर, पंजाबी-सिख, किसान, राजी, व्यासी-सौका, हयू, कोचे, धुनिया, वालुङ, मुन्डा, राउटे, त्याल्मो, पथरकट्टा-कुशवाडिया, कुसुन्डा, ल्होमी, कलार, नटुवा, ढाँडी, धन्कार-धनिकार, कुलुङ, घले, खवास, राजधोव, कोरी, नाछिङ, याम्फू, चाम्लिङ, आठपहरिया, सरवरिया, बान्तवा, डोल्पो, अमात, थुलुङ, मेवाहाङ बाला, बाहिङ, ल्होपा, देव, साङपाङ, खालिङ, तोप्केगोला, लोहोरुङ।

## लोपोन्मुख जनजाती भन्नाले

कुसुन्डा, सुरेल, किसान, कुसुबाडिया, बन्करिया, हायू, लेप्चा, राउटे, राजी, मेचे।

## सीमान्तकृत वर्ग भन्नाले

सुनुवार, राजवंशी, ताजपुरिया, मुगाली, थारू, गनगाई, पहरी, लार्के, तामाङ, धिमाल, तोप्केगोला, ल्होपा, भूजेल, भोटे, डोल्पो, दुरा, कुमाल, दराई, बालुङ।

## अति सीमान्तकृत वर्ग भन्नाल

माझी, थुदाम, सन्थाल, बोटे, सियार, चेपाङ, धानुक, झाँगड, दुनुवार, ल्होमी, थामी, बरामू।

*(बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिहरुले आफू स्थायी रुपमा बसोबास गरेको वडाको वडा कार्यालयमा निबेदन दिनु पर्नेछ।)*